# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७५।०६।०७ गते

# प्रेस विज्ञप्ति

**विषय: आरोप-पत्र दायर गरिएको ।**

-----------------------------------------------

जिल्ला रूपन्देही, रोहिणी गाउँपालिका वडा नं.२ स्थित श्री पोखरभिण्डी माध्यमिक विद्यालयका तत्कालीन विद्यालय व्यवस्थापन समितिका अध्यक्ष धर्मराज यादवको शैक्षिक योग्यताको प्रमाण-पत्र नक्कली रहेकोले छानविन गरी आवश्यक कारवाही गरिपाउँ भन्ने व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निजले माध्यमिक शिक्षा परिषद, क्षेत्रीय कार्यालय वाराणासी, भारतबाट प्राप्त गरेको हाईस्कुल सरहको नक्कली शैक्षिक योग्यताको प्रमाण-पत्र पेश गरी विद्यालय व्यवस्थापन समितिको सरकारी ओहदामा बहाल रही लाभ लिएको देखिन आएको हुँदा निजको उक्त कार्य प्रचलित भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १६ को उपदफा (१) अनुसारको कसुर भएको देखिन आएको हुँदा निजलाई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १६ को उपदफा (१) बमोजिम सजाय हुन मागदाबी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता